माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

बैठक संख्या : १५

## मिति २०८०/०२/११ गतेको कार्यपालिका बैठकका छलफल, प्रस्ताव तथा निर्णयहरु :

**(१) अघिल्लो कार्यपालिका बैठकको निर्णयहरुको समिक्षा सम्बन्धमा ।**
यस माडी नगरपालिकाको मिति २०८०/०१/०७ मा सम्पन्न भएको नगर कार्यपालिकाको वैठकका निर्णयहरुको कार्यान्वयनका सन्दर्भमा समिक्षा गरियो ।

**(२) विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०८० पारित गर्ने सम्बन्धमा ।**
विधेयक समितिवाट सिफारिस भइ आएको माडी नगरपालिकाको विपद् व्यवस्थापन कोप (सञ्चालन) कार्यविधि, २०८० पारित गर्ने ।

**(३) लोडर मेशिनमा ईन्जिन फेरेको रकमको भुक्तानी सम्बन्धमा ।**
पूर्व कार्यपालिका बैठकवाट निर्णय भए बमोजिम रोलर मेशिनको इन्जिनले काम नगरी नयाँ इन्जिन खरिद गरी रोलर मेशिनलाई सूचारु गरिएको हुँदा सो वापतको रकम रु.७,३३,३७०।- सम्वन्धित पार्टीलाई भुक्तानी गर्ने ।

**(४) इलाका हुलाक कार्यालय, बघौडाको स्तरोन्नती सम्बन्धमा ।**
माडी नगरपालिकाको केन्द्र वसन्तपुरमा भएको अधिकांश सरकारी कार्यालय यही क्षेत्रमा रहेको र वढीजसो पत्राचार सरकारी कार्यालयको हुने हुँदा बघौडा अतिरिक्त हुलाक कार्यालयलाई इलाका हुलाक कार्यालयमा स्तरोन्नती गरिदिन सम्वन्धित निकायमा पठाउने तथा इलाका हुलाकको लागि आवश्यक पर्ने कार्यालय भवन नगरपालिकाले उपलब्ध गराउने ।

**(५) विपन्न लाभग्राहीको आवास निर्माण सम्बन्धमा ।**
माडी नगरपालिका वडा नं. ९ मा अति विपन्न परिवारकी वृद्ध आमा तुलसीमाया दुराको आर्थिक अवस्था नाजुक रहेको, साथमा रहेका २ छोराहरु सुस्त मनस्थितीका भएको भनि वडा कार्यालयको सिफारिस वमोजिम अहिले भएको घरको सट्टामा नगरपालिका मार्फत् विपन्न नागरिकको आवास निर्माण शिर्पकवाट लागत ईष्टिमेट वमोजिमको घर निर्माण गरिदिने ।
वडावाट सिफारिस गरिएका तर सुरक्षित नागरिक आवास अन्तर्गत खरको छानो विस्थापित कार्यक्रमवाट वैकल्पिकमा पारिएका घरहरुलाई सोही कार्यक्रमको मापदण्ड वमोजिम सम्झौता गरी काम गर्न लगाउने र सो वापत हुन आउने रकम विपन्न नागरिकको आवास निर्माण शिर्षकवाट भुक्तानी दिने ।

**(६) सोमेश्वर क्षेत्रको वीर पुरुषको मूर्तीको भुक्तानी सम्बन्धमा ।**
सोमेश्वर गढी विकास खर्च वजेटवाट वडा नं. ५ को कार्यालयको मिति २०७९/१०/२५ को सिफारिस पत्रको आधारमा सोमेश्वर क्षेत्रको पार्कमा अनावरण गर्ने गरी निर्माण गरिएको वीर योद्धाको पूर्ण कदको सालिकको सम्झौता वमोजिमको रकम नयाँ विहानी कला केन्द्र माडीलाई भुक्तानी गर्ने ।

निर्णय प्रमाणित
२०८०।२।११

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**(७) करेसाबारी खेतीका लागि ट्यूवेल निर्माण कार्यक्रम सम्बन्धमा ।**
कृषि शाखाको स्वीकृत कार्यक्रम अन्तर्गत करेसाबारी खेतीका लागि ट्यूवेल निर्माण कार्यक्रम अन्तर्गत वडा कार्यालयको सिफारिस संलग्न गरी कुल १० जना कृषकको निवेदन पेश भएकोमा सबै कृषकहरुलाई उपभोक्ता समिति निर्माण गरी योजना शाखामार्फत् सो कार्यक्रम गर्न स्वीकृती दिने ।

**(८) पूरानो धरौटी तथा जनसहभागिताको रकम फिर्ता सम्बन्धमा ।**
आर्थिक वर्ष २०७५/७६ मा एम.पि. निर्माण सेवालाई कार्यालयवाट भुक्तानी गर्दा रु.४,९४,०६१।- धरौटी कट्टा गरी बाँकी रकम भुक्तानी दिइएकोमा सो धरौटी रकम धरौटी खातामा आम्दानी बाँध्नु पर्नेमा सञ्चित कोष खातामै रहेको देखिएकोले उक्त एम.पि. निर्माण सेवालाई धरौटी वापतको रकम रु.४,९४,०६१।- फिर्ता भुक्तानी गर्ने ।

**(९) नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका लागि जग्गा सिफारिस सम्बन्धमा ।**
सशस्त्र प्रहरी बल, नेपाल (प्रस्तावित) सीमा सुरक्षा गुल्म छरछरेको मिति २०७९/१२/२८ को पत्रवाट अनुरोध भए बमोजिम माडी नगरपालिका वडा नं. १ पाण्डवनगर स्थित पूर्व वाटो, पश्चिम चितवन राष्ट्रिय निकुञ्ज, उत्तर वाटो तथा दक्षिण बगैंचाको चार किल्ला भित्रको १० कठ्ठा ऐलानी जग्गा वि.ओ.पी. गर्दि भंगेतालाई साथै वडा नं. २ को कार्यालयको मिति २०८०/०२/०४, च.नं. १७७९ को पत्रवाट अनुरोध भई आएको साविक गर्दी गा.वि.स.को नाममा रहेको साविक गर्दी गा.वि.स. वडा नं. ३ कित्ता नं. १०८५ क्षेत्रफल ०-१९-८ जग्गा मध्ये माडी आयुर्वेद औषधालयले भोग चलन गरेको ०-५-० क्षेत्रफल र प्रहरी चौकी बरुवाले भोगचलन गर्दै आएको ०-५-० क्षेत्रफलको जग्गा दुवै कार्यालयलाई उपलब्ध गराउन सम्वन्धित निकायमा सिफारिस गर्ने ।

**(१०) वडा कार्यालयको भवनको नमुना डिजाइन प्रिजेन्टेसन सम्बन्धमा ।**
आफ्नै भवन नभएका वडाहरुको लागि तयार गरिएको वडा कार्यालयको भवनको नमुना डिजाइन प्रस्तुत गरियो साथै उपयुक्त नमुना डिजाइन स्वीकृत गर्ने ।

**(११) वडा नं. २ स्थित आधारभूत विद्यालय जीवनपुर विद्यालयको जग्गा सम्बन्धमा ।**
यस नगरपालिका वडा नं. २स्थित आधारभूत विद्यालय जीवनपुरबाट अनुरोध भइ आए वमोजिम वास्तविक बुझि यदि विद्यालयको भोगचलन रहेको जग्गा अनाधिकृत रुपमा कब्जा भएको भए कानुनी उपचारमा जान विद्यालयलाई जानकारी दिने ।

**(१२) विविध**

(क) आदीवासी जनजातीहरुको "विभिन्न स्थानमा अधुरो तथा नयाँ सामुदायिक सांस्कृतिक भवन निर्माण" शिर्षकवाट देहाय बमोजिमका योजना स्वीकृत गर्ने ।

- अधुरो सामुदायिक भवन निर्माण माडी-२ नयाँपर्सा रु.३,००,०००।-
- अधुरो राइजातीको मन्दिर र शौचालय निर्माण माडी-७, गौरीनगर रु.२,००,०००।-
- अधुरो तामाङ जातीको गुम्वा भवन निर्माण माडी-६, स्याउलीवास रु.२,००,०००।-
- नेवार जातीको मन्दिर निर्माण माडी-१ वरुवा रु.२,००,०००।-
- सामुदायिक भवन व्यवस्थापन तथा फर्निचर निर्माण खरिद रु.२,००,०००।-

निर्णय प्रमाणित

२०८०।२।११

प्रमुख प्रशासकीय अधिकृत

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश

**(ख)** गतवर्षको बाढीवाट क्षती भएको सडक मर्मत गर्न प्रयोग गरिएका साधनवाट गरिएको खर्च वडा कार्यालयको सिफारिस तथा प्राविधिक मुल्याकंनको आधारमा विपद व्यवस्थापन शिर्षकवाट भुक्तानी दिने तथा अवका दिनहरुमा विपद् लगायतको योजनाहरु शुरुदेखि नै सम्वन्धित तोकिएका प्राविधिकहरुको निगरानीमा मात्र सञ्चालन गर्ने गरी निर्देशन दिने ।

**(ग)** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. ०८०/०८१ को लागि माडी न.पा. वडा नं. १ देखि ९ नं. सम्मका बेरोजगार व्यक्तिहरुको प्राप्त निवेदन उपर छानविन गर्दा तपसिल वमोजिमको २६१ बेरोजगारको संख्या सूचिकरण गर्ने ।

वडा नं. १ - ३७ जना
वडा नं. २ - २५ जना
वडा नं. ३ - ० जना
वडा नं. ४ - २७ जना
वडा नं. ५ - २५ जना
वडा नं. ६ - ४१ जना
वडा नं. ७ - ३९ जना
वडा नं. ८ - ० जना
वडा नं. ९ - ६७ जना
जम्मा - २६१ जना

**(घ)** माडी क्षेत्र भित्र रही सञ्चालन भैरहेका स्थानीय रेडियोमा नगरपालिकाको सूचना संप्रेषण खर्चलाई भुक्तानी गर्ने प्रयोजनका लागि माडी स्थित रेडियोहरुले आ.व. २०७९/८० मा नगरपालिकाको सूचनाहरु के कति परिमाणमा कति पटक वजाएको हो सो सम्वन्धमा विवरण माग गरी अर्को वैठकमा पेश गर्ने ।

**(ङ)** माडी नगरपालिका वडा नं. ७ जगन्नाथपुरी निवासी केदारनाथ काफ्लेको नाती, शिव काफ्ले तथा सरिता काफ्लेको छोरा उज्वल सागर काफ्ले (उमेर १० महिना) जन्म जात अपाङ्ग भएको र उपचारको लागि बनेपा स्थित एच्.आर.डि.सी. बाल अपाङ्ग अस्पतालमा लामो समयदेखि उपचार गराइरहेको हुँदा उपचार खर्च सहयोगका लागि रु.२०,०००।- उपलब्ध गराउने ।

निर्णय प्रमाणिकरण

२०८०।२।११

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner